भाग २

नेपाल सरकार

कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालय

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति डा. रामवरण यादवबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०६९ सालको अध्यादेश नं. १६

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ लाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना : नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल व्यवस्थापिका-संसद नभएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस अध्यादेशको नाम "नेपाल स्वास्थ्य सेवा (चौथो संशोधन) अध्यादेश, २०६९" रहेकोछ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २ मा संशोधन :** नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (ञ) मा रहेका "स्वास्थ्य मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "स्वास्थ्य तथा जनसंख्या मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) खण्ड (ञ) पछि देहायको खण्ड (ञ१) र (ञ२) थपिएका छन् :-

"(ञ१) "ट्रेड युनियन" भन्नाले दफा ९२क. को उपदफा (१) बमोजिम गठन हुने कर्मचारीहरुको ट्रेड युनियन सम्झनु पर्छ ।

(ञ२) "आधिकारिक ट्रेड युनियन" भन्नाले दफा ९२क. को उपदफा (३) बमोजिम गठन हुने कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन सम्झनु पर्छ ।"

३. **मूल ऐनको दफा ४ मा संशोधन** : मूल ऐनको दफा ४ को,-

(१) दफा शीर्षकको सट्टा देहायको दफा शीर्षक राखिएको छ :-

"**सेवामा रहने तहः**"

(२) उपदफा (३) र (४) झिकिएका छन् ।

४. **मूल ऐनको दफा ५ मा संशोधन** : मूल ऐनको दफा ५ को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (१क) र (१ख) थपिएका छन् :-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको योग्यता प्राप्त गर्ने तोकिएका सहायक तहका कर्मचारीलाई तोकिए बमोजिम पदनाम दिन सकिनेछ ।

(१ख) उपदफा (१) र (१क) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो उपदफा प्रारम्भ भएपछि तेस्रो तहमा रहेका हेल्थ इन्स्पेक्सन समूह अर्न्तगतका ग्रामीण स्वास्थ्य कार्यकर्ता र कम्यूनिटी नर्सिङ समूह अर्न्तगतका मातृ शिशु कार्यकर्तालाई चौथौ तहमा कायम गरी क्रमशः अक्जुलरी हेल्थ वर्कर्स (अ.हे.व) र अक्जुलरी नर्स मिडवाइफ (अ.न.मी) को पदनाम दिइनेछ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (२) मा रहेका "नेपाल सरकारले" भन्ने शव्दहरुको सट्टा "मन्त्रालयले" भन्ने शव्द राखिएकोछ ।

(३) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएकोछ :-

"(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि ग्रामीण स्वास्थ्य कार्यकर्ता र मातृशिशु कार्यकर्ताले हाल गरी आएको कार्य क्रमशः अक्जुलरी हेल्थ वर्कस (अ.हे.व) र अक्जुलरी नर्स मिडवाइफ (अ.न.मी) ले गर्ने गरी मन्त्रालयले निजहरुको कार्य विवरण तयार गरी लागू गर्नेछ ।"

५. **मूल ऐनमा दफा ७क. थप :** मूल ऐनको दफा ७ पछि देहायको दफा ७क. थपिएको छ :-

"**७क. दरबन्दी सृजना :** (१) स्वास्थ्य सेवामा रहने पदहरु तोकिए बमोजिम सृजना गरिने छन् ।

(२) कुनै नयाँ सरकारी कार्यालयको स्थापना गर्न संगठन संरचना तयार गर्दा, नयाँ दरबन्दी सृजना गर्दा वा तत्काल कायम रहेको संगठन संरचना र दरबन्दीमा पुनरावलोकन गर्दा वा हेरफेर गर्दा मन्त्रालयको कार्यक्रम, कार्यबोझ, कार्य प्रकृति तथा दरबन्दी थप गर्नु पर्ने कारण र सोको औचित्य र उपलब्ध मानव श्रोत समेतको आधारमा संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी मन्त्रालयले अर्थ मन्त्रालयको सहमति लिई सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ ।

तर, नयाँ दरवन्दी सृजना नगरी संगठन संरचना र दरबन्दी हेरफेर भएको अवस्थामा त्यस्तो हेरफेर भएको संगठन संरचना र दरबन्दीको मात्र संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी प्रतिवेदन पेश गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त सहमतिको आधारमा सामान्य प्रशासन मन्त्रालयले सो को मूल्याङ्कन

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरी तीस दिनभित्र स्वीकृतिको लागि नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष पेश गर्नु पर्नेछ ।

(४) यस दफा विपरीत हुने गरी दरबन्दी सिर्जना गरी पूर्ति गरिएको पद स्वतः खारेज हुनेछ ।"

६. **मूल ऐनको दफा ८ मा संशोधन :** मूल ऐनको दफा ८ को सट्टा देहायको दफा ८ राखिएकोछ :-

"८. **स्वास्थ्य सेवाको पदपूर्ति** : (१) स्वास्थ्य सेवाका देहायका तहका तोकिएका पदहरु देहाय बमोजिम पूर्ति गरिनेछ :-

तह	खुल्ला प्रतियोगिताद्वारा	बढुवाद्वारा		
		कार्य क्षमताको मूल्याङ्कनद्वारा	आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा	कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने समायोजन द्वारा
(क) चौथौ	१०० %	-	-	-
(ख) पाँचौ	६५ %	-	२० %	१५ %
(ग) सातौं	६५ %	-	२० %	१५ %
(घ) आठौं (चिकित्सक)	१०० %	-	-	-
(ङ) नवौं (चिकित्सक)	२० %	४० %	४० %	-
(ङ१) नवौं (नर्सिङ)	२० %	४० %	४० %	-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ२) नवौं (चिकित्सक र नर्सिङ बाहेक)	२० %	५० %	३० %	-
(च) एघारौं	१० %	५० %	४० %	-
(छ) बाह्रौं	-	१०० %	-	-

(२) खुल्ला प्रतियोगिताको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

(३) खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने कुनै तहको पदमा समान तहका कुनै कर्मचारीले त्यस्तो परीक्षाको लागि निर्धारित योग्यता पूरा गरेको भएमा निज समेत सो परीक्षामा सामेल हुन सक्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पदपूर्ति गर्नु पर्ने पद भन्दा तल्लो तहमा कर्मचारी नै नभएको अवस्थामा त्यस्तो पद खुला प्रतियोगिताद्धारा पूर्ति गरिनेछ ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वास्थ्य सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदवारहरुका बीचमा मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ :-

(क) महिला -तेत्तीस प्रतिशत

(ख) आदिवासी/जनजाति -सत्ताइस प्रतिशत

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) मधेशी -बाइस प्रतिशत

(घ) दलित -नौ प्रतिशत

(ङ) अपाङ्ग -पाँच प्रतिशत

(च) पिछडिएको क्षेत्र -चार प्रतिशत

स्पष्टीकरण:

(१) यस उपदफाको प्रयोजनको लागि "पिछडिएको क्षेत्र" भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्छ ।

(२) यस उपदफाको खण्ड (क), (ख), (ग) र (घ) को प्रयोजनको लागि "महिला, आदिवासी/जनजाति, मधेसी र दलित" भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला,आदिवासी/जनजाति, मधेसी र दलित सम्झनु पर्छ ।

(६) उपदफा (५) बमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशत भन्दा कम घताङ्क (फ्याक्सन) आएमा त्यस्तो घताङ्क (फ्याक्सन) जुन समूहको घताङ्क आएको हो सो भन्दा लगत्तै पछिको समूहमा सर्दै जानेछ ।

(७) उपदफा (५) बमोजिम छुट्याइएको पदमा जुन वर्षको लागि विज्ञापन भएको हो सो वर्ष हुने विज्ञापनमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद अर्को

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वर्ष हुने विज्ञापनमा समावेश गर्नु पर्नेछ र त्यसरी विज्ञापन गर्दा पनि उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद अर्को वर्ष खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गर्नु पर्नेछ ।

(८) उपदफा (५) बमोजिम निर्धारण गरिएको प्रतिशतद्वारा पदपूर्ति गर्ने व्यवस्था प्रत्येक दश बर्षमा पुनरावलोकन गर्नु पर्नेछ ।

(९) उपदफा (५) बमोजिमको प्रतिशत अनुसार पद संख्या निर्धारण गर्दा कुनै विवाद आएमा लोक सेवा आयोगबाट भएको निर्णय अन्तिम हुनेछ ।

(१०) उपदफा (१) बमोजिम पूर्ति हुने पद बाहेक अन्य पद वा तहमा दफा ९ बमोजिम स्तरवृद्धि गरिनेछ ।

(११) पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

७. **मूल ऐनको दफा ८ख. मा संशोधनः** मूल ऐनको दफा ८ख. को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएकोछ : -

"तर, स्वास्थ्य सेवाको कुनै पदमा योग्यता प्राप्त चिकित्सक वा स्वास्थ्यकर्मीलाई देहायको अवस्थामा करार सेवामा काममा लगाउन सकिनेछ :-

(क) कुनै चिकित्सक वा स्वास्थ्यकर्मी अध्ययन वा असाधारण विदामा रहेको अवस्थामा अध्ययन वा असाधारण विदामा बसेको अवधिभर,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) सेवाको कुनै पद कुनै कारणवस रिक्त हुन गई सो को माग आकृति फाराम भरी लोक सेवा आयोगमा पठाइसकेको तर पदपूर्ति भइनसकेको अवधिभर ।"

८. **मूल ऐनको दफा ९ मा संशोध :** मूल ऐनको दफा ९ को सट्टा देहायको दफा ९ राखिएकोछ :-

"९. **स्तरवृद्धि:** (१) स्वास्थ्य सेवाका देहायका तहमा देहाय बमोजिम स्तरवृद्धि गरिनेछ : -

क्र. सं.	हालको तह	स्तरवृद्धि हुने तह	सम्बन्धित तहमा सेवा गर्नु पर्ने अवधि	पछिल्लो दुई आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कनमा प्राप्त गर्नु पर्ने अङ्क	दुर्गम क्षेत्रमा सेवा गर्नु पर्ने अवधि
१	चौथो	पाँचौ	पाँच वर्ष	कम्तीमा उत्तम अङ्क	कम्तीमा एक वर्ष अति दुर्गम वा दुई वर्ष दुर्गम क्षेत्रमा
२	पाँचौं (क) शुरु नियुक्ति भएका वा पाँचौ तहमा स्तरवृद्धि भई सो तहको लागि न्यूनतम शैक्षिक योग्यता पूरा	छैठौं छैठौं	पाँच वर्ष आठ बर्ष	कम्तीमा उत्तम अङ्क कम्तीमा उत्तम	कम्तीमा एक वर्ष अति दुर्गम वा दुई वर्ष दुर्गम क्षेत्रमा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	भएका (ख) पाँचौ तहमा स्तरवृद्धि भएकामध्ये सो तहको लागि न्यूनतम शैक्षिक योग्यता नभएका			अङ्क	कम्तीमा एक वर्ष अति दुर्गम वा दुई वर्ष दुर्गम क्षेत्रमा
३	छैठौं (क) छैठौ तहमा लोक सेवा आयोगको प्रक्रिया पूरा गरी नियुक्त भएका (ख) छैठौ तहमा स्तरवृद्धि भएका मध्ये बरिष्ठ पाँचौ तहमा तह मिलान भएका (ग) छैठौ तहमा स्तरवृद्धि भएका मध्ये पाँचौ तहमा शुरु नियुक्ति भएका	सातौं सातौं सातौं	स्वतः पाँच वर्ष आठ वर्ष	- कम्तीमा उत्तम अङ्क कम्तीमा उत्तम अङ्क	- कम्तीमा एक वर्ष अति दुर्गम वा दुई वर्ष दुर्गम क्षेत्रमा कम्तीमा एक वर्ष अति दुर्गम वा दुई वर्ष दुर्गम क्षेत्रमा
४	सातौं (क) मेडिकल अधिकृत, डेण्टल अधिकृत, आयुर्बेद	आठौं	स्वतः	-	-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	चिकित्सक, एकीकृत चिकित्सा अधिकृत वा सो सरहका अन्य चिकित्सा अधिकृत (ख) खण्ड (क) बाहेकका छैठौ तहमा शुरु नियुक्ति भई सातौ तहको पदमा स्तरवृद्धि भएका र सातौ तहमा शुरु नियुक्ति भएका अन्य अधिकृत कर्मचारीहरु	आठौं	तीन वर्ष	कम्तीमा उत्तम अङ्क	कम्तीमा एक वर्ष अति दुर्गम वा दुई वर्ष दुर्गम क्षेत्रमा
५	नवौं	दशौं	दुई वर्ष	कम्तीमा उत्तम अङ्क	–

(२) उपदफा (१) मा उल्लिखित कर्मचारीले सो उपदफामा उल्लिखित अवधिसम्म सोही उपदफामा उल्लेख भएको क्षेत्रमा काम नगरेको भए त्यस्तो नपुग अवधिसम्म त्यस्तो क्षेत्रमा गई रुजु हाजिर भई काम गरिसकेपछि मात्र त्यस्तो कर्मचारीलाई स्तरवृद्धि गरिनेछ ।

तर, पद वा दरबन्दी नभएका कारण कुनै कर्मचारीलाई त्यस्तो क्षेत्रमा खटाउन नसकिने भएमा यस दफाको अन्य उपदफाको अधीनमा रही त्यस्ता कर्मचारीलाई पनि माथिल्लो तहमा स्तरवृद्धि गर्न बाधा पर्ने छैन ।

(३) स्तरवृद्धि भएको कर्मचारीलाई योग्यताको आधारमा सम्बन्धित समूहमा समूहीकृत गरिनेछ । त्यसरी समूहीकृत

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरिएका कर्मचारी कुनै कारणबाट स्वास्थ्य सेवामा नरहेमा निज बहाल रहेको दरबन्दी स्वतः खारेज हुनेछ।

(४) माथिल्लो तहमा स्तरवृद्धि भएको कर्मचारीले निज जुन तहबाट स्तरवृद्धि भएको हो सोही तहको काम गर्नु पर्नेछ।

(५) स्तरवृद्धि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

९. **मूल ऐनको दफा ९क. मा संशोधन :** मूल ऐनको दफा ९क. को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छ :-

"(ग१) दफा ७२ को खण्ड (क) को उपखण्ड (१) बमोजिम नसिहत पाएको छ महिनासम्म,"

१०. **मूल ऐनको दफा १७ मा संशोधन :** मूल ऐनको दफा १७ को,-

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएकोछ :-

"(३) दफा ५ को उपदफा (१क) बमोजिम पदनाम पाएको र यस ऐन बमोजिम स्तरवृद्धि वा तह मिलान भएको आधारमा पदनाम प्राप्त गरेको कर्मचारीलाई दफा ८ को उपदफा (१) बमोजिम समायोजन गरी पदस्थापन गरिनेछ।"

(२) उपदफा (३) पछि देहायका उपदफा (४) र (५) थपिएका छन् :-

"(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि चौथो तहको लागि न्यूनतम शैक्षिक योग्यता वा तालीम प्राप्त गरेका कर्मचारीलाई मात्र सो तहमा पदस्थापना गरिनेछ।

(५) पदस्थापना सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. **मूल ऐनको दफा १९ मा संशोधन :** मूल ऐनको दफा १९ को,-

(१) उपदफा (१) मा रहेका "एघारौं तहमा कम्तीमा पाँच बर्ष काम गरेको वा बाह्रौं तहमा कार्यरत कर्मचारी" भन्ने शब्दहरुको सट्टा"बाह्रौं तहमा कार्यरत वा एघारौं तहमा कम्तीमा पाँच बर्ष काम गरेको कर्मचारी जेष्ठता तथा कार्यसम्पादन मूल्याङ्कनको आधारमा" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (१) पछि देहायका उपदफा (१क) र (१ख) थपिएका छन् :-

"(१क) उपदफा (१) बमोजिम सचिव पदमा नियुक्ति हुनको लागि नेपाल सरकारले तोकेको उच्चस्तरीय व्यवस्थापन तालीम उत्तीर्ण गरेको हुनु पर्नेछ ।

(१ख) सचिवको नियुक्ति देहाय बमोजिमको बढुवा समितिको सिफारिसमा नेपाल सरकारले गर्नेछ :-

(क) लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको लोक सेवा आयोगको सदस्य -अध्यक्ष

(ख) लोक सेवा आयोगको अध्यक्षले तोकेको लोक सेवा आयोगको सदस्य -सदस्य

(ग) मुख्य सचिव -सदस्य

(घ) लोक सेवा आयोगद्वारा मनोनीत सम्बन्धित बिषयका विशेषज्ञ -सदस्य

(ङ) सामान्य प्रशासन मन्त्रालयको सचिव - सदस्य- सचिव"

१२. **मूल ऐनको दफा २० मा संशोधन :** मूल ऐनको दफा २० को सट्टा देहायको दफा २० राखिएकोछ :-

"२०. **सरुवा गर्ने र काजमा खटाउने अधिकार** : (१) सहायक तहको कर्मचारीको सरुवा गर्ने र काज खटाउने अधिकार अख्तियारवालालाई हुनेछ ।

(२) अधिकृत तहको कर्मचारीको सरुवा गर्ने र काज खटाउने अधिकार देहायको अधिकारीलाई हुनेछ :-

(क) छैठौं र सातौं तहका कर्मचारीको हकमा सम्बन्धित विभागीय महानिर्देशक वा महानिर्देशक पद नभएको विभागमा निर्देशक,

(ख) आठौं, नवौं र दशौं तहका कर्मचारीको हकमा मन्त्रालयको सचिव ।"

१३. **मूल ऐनको दफा २१ मा संशोधन** : मूल ऐनको दफा २१ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछ :-

"(१) कर्मचारीलाई देशको विभिन्न भौगोलिक क्षेत्रको अनुभव दिलाउन अति दुर्गम, दुर्गम र सुगम क्षेत्रमा पर्ने गरी सरुवा गरिनेछ ।"

१४. **मूल ऐनको दफा २१क. मा संशोधन** : मूल ऐनको दफा २१क. को उपदफा

(२) पछि देहायका उपदफा (३) र (४) थपिएका छन् :-

"(३) स्वास्थ्य सेवामा तत्काल कायम रहेको तेस्रो तहबाट चौथौ तहमा जति संख्याका कर्मचारीहरु स्तरवृद्धि भएका छन् त्यति नै संख्यामा चौथो तहमा स्वतः दरबन्दी सृजना हुनेछ ।

(४) उपदफा (३) बमोजिम सृजना भएको दरबन्दीमा रहेका कर्मचारीको पदनाम तोकिए बमोजिम हुनेछ ।"

१५. **मूल ऐनमा दफा २१ख. थप** : मूल ऐनको दफा २१क. पछि देहायको दफा २१ख. थपिएकोछ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"२१ख. **विशेष कार्य गर्न कर्मचारी खटाउन सक्ने** : (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले सूचना जारी गरी महामारी तथा संक्रामक रोग नियन्त्रण वा स्वास्थ्य सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य सम्पन्न गर्नको लागि मन्त्रालयले एक वर्षसम्मको निम्ति कुनै विशेषज्ञ चिकित्सक लगायत स्वास्थ्य सेवाका अन्य कर्मचारीलाई सम्बन्धित कुनै खास जिल्ला वा क्षेत्रमा काजमा खटाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम तीन महिना भन्दा बढि अवधि काजमा खटिने कर्मचारीले काज खटिएको कार्यालयमा रुजु हाजिर

भएमा बढुवा प्रयोजनको लागि सोही भौगोलिक क्षेत्रको तोकिएको अङ्क पाउनेछ ।"

१६. **मूल ऐनको दफा २२ मा संशोधन** : मूल ऐनको दफा २२ को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएकोछ :-

"(ग१) कुनै कर्मचारीलाई विशेष जिम्मेवारी दिनु परेमा,"

१७. **मूल ऐनमा दफा २५ख. थप** : मूल ऐनको दफा २५क. पछि देहायको दफा २५ख. थपिएकोछ :-

"२५ख. **जिम्मेवारी नदिई राख्न नहुने** : (१) देहायका अवस्थामा बाहेक कुनै पनि कर्मचारीलाई पदीय जिम्मेवारी नदिई एक महिना भन्दा बढी अवधिसम्म राख्न सकिने छैन :-

(क) लामो बिदामा रहेकोमा,

(ख) निलम्वन भएकोमा, वा

(ग) अन्यत्र काज खटिएको कारण पदाधिकार रहेको पदमा कायम राख्न पर्ने भएमा ।

(२) उपदफा (१) बमोजिम कुनै कर्मचारीलाई पदीय जिम्मेवारी नदिई राखेमा जिम्मेवारी दिई काममा लगाउन पर्ने दायित्व भएको पदाधिकारीलाई विभागीय कारबाही हुनेछ ।"

१८. **मूल ऐनको दफा २६ मा संशोधन :** (१) मूल ऐनको दफा २६ को सट्टा देहायको दफा २६ राखिएकोछ :-

"२६. **बढुवाको लागि न्यूनतम योग्यता र सेवा अवधि :** (१) कर्मचारीले बढुवाको लागि उम्मेदवार हुन तोकिए बमोजिमको शैक्षिक योग्यता प्राप्त गरेको र बढुवा हुने तह भन्दा एक तह मुनिको पदमा रही कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको हुनु पर्नेछ ।

तर,

(१) सम्वत् २०५४ साल जेष्ठ १४ पछि तह मिलान हुदा बरिष्ठ पाँचौ तह कायम गरिएको वा पाँचौं तहमा दश वर्ष सेवा गरेको कर्मचारीको पाँचौं तहको लागि निर्धारित शैक्षिक योग्यता नभए पनि बढुवाको लागि उम्मेदवार हुन सक्नेछ ।

(२) यो उपदफा प्रारम्भ भएपछि बढुवाको लागि उम्मेदवार हुन कम्तीमा एक वर्ष अति दुर्गम वा कम्तीमा दुई वर्ष दुर्गम क्षेत्रमा काम गरेको हुनु पर्नेछ ।

(३) लोक सेवा आयोगद्वारा निर्धारित प्रक्रिया पूरा गरी सातौं तहमा नियुक्ति भई यो दफा प्रारम्भ हुनुभन्दा अघि आठौं तहमा स्तरवृद्धि भएको कर्मचारीले सो तहभन्दा कम्तीमा एक तह

आधिकारिकता कुरा विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुनिको तहमा कम्तीमा दुई वर्ष दुर्गम क्षेत्रमा काम गरेको भए निजले दुर्गम क्षेत्रमा काम गरेको मानी नवौं तहको बढुवाको लागि उम्मेदवार हुन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा कर्मचारीहरु बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने छन् :-

(क) पद वा दरबन्दी नभएको कारण अति दुर्गम वा दुर्गम क्षेत्रमा सेवा गर्न नपाएकोमा,

(ख) बढुवा हुने पदभन्दा एक तह मुनिको पदमा कम्तीमा आठ वर्ष सेवा अवधि पूरा गरेको भएमा,

(ग) सेवाका कुनै तहको पदमा कम्तीमा दुई बर्ष काठमाडौं उपत्यका बाहिरका जिल्लामा सेवा गरेको र बढुवा हुने पदभन्दा एकतह मुनिको पदमा पाँच बर्ष सेवा गरेको भएमा ।"

१९. **मूल ऐनको दफा २६क. मा संशोधन :** मूल ऐनको दफा २६क. को उपदफा (१) मा रहेका "ऐन बमोजिम" भन्ने शब्दहरु पछि "स्तरवृद्धि वा" भन्ने शब्दहरु थपिएका छन् ।

२०. **मूल ऐनको दफा २७ मा संशोधन :** मूल ऐनको दफा २७ को उपदफा (१) को खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएकोछ :-

"(ङ१) असाधारण विदामा बसेको अवधिभर"

२१. **मूल ऐनको दफा ३० मा संशोधन :** मूल ऐनको दफा ३० को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"तर दफा २६ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (२) र उपदफा (२) को व्यवस्था तुरुन्त लागू हुनेछ ।"

२२. **मूल ऐनको दफा ३२ मा संशोधन :** मूल ऐनको दफा ३२ को,-

(१) "स्वास्थ्य सेवाको समूह वा उपसमूहभित्रका" भन्ने शब्दहरु झिकिएका छन् ।

(२) खण्ड (ग) को उपखण्ड (१) को सट्टा देहायको उपखण्ड (१) राखिएकोछ :-

"(१) "अध्ययन" भन्नाले स्वास्थ्य सेवासंग सम्बन्धित बिषयमा गरिने अध्ययनलाई जनाउनेछ ।"

२३. **मूल ऐनको दफा ३३ मा संशोधन :** मूल ऐनको दफा ३३ को,-

(१) खण्ड (क) मा रहेको "कर्मचारीलाई" भन्ने शव्दको सट्टा "कर्मचारी र निजामती सेवाका सो सरहका कर्मचारीलाई" भन्ने शव्दहरु राखिएका छन् ।

(२) खण्ड (ख) मा रहेको "कर्मचारीलाई" भन्ने शव्दको सट्टा "कर्मचारी र निजामती सेवाका सो सरहका कर्मचारीलाई" भन्ने शव्दहरु राखिएका छन् ।

(३) खण्ड (ग) मा "कर्मचारीलाई" भन्ने शव्दको सट्टा "कर्मचारी र निजामती सेवाका सो सरहका कर्मचारीलाई" भन्ने शव्दहरु राखिएका छन् ।

२४. **मूल ऐनमा दफा ६५क. ६५ख., ६५ग., र ६५घ. थप :** मूल ऐनको दफा ६५ पछि देहायका दफा ६५क., ६५ख., ६५ग. र ६५घ. थपिएका छन् :-

"६५क. **यातना दिन नहुने :** (१) कर्मचारीले कसैलाई पनि यातना दिनु हुदैन ।

(२) कर्मचारीले यौनजन्य दुर्व्यवहार र घरेलु हिंसा सम्बन्धी कार्य गर्नु वा गराउनु हुदैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६५ख. **सेवाग्राही प्रतिको व्यवहार :** (१) कर्मचारीले आफ्नो कामसँग सम्बन्धित सेवाग्राहीप्रति मर्यादित र शिष्ट व्यवहार गर्नु पर्नेछ ।

(२) कर्मचारीले सेवाग्राहीको कामसंग सम्बन्धित विषय, प्रक्रिया र कार्यसम्पादन गर्न लाग्ने समय समेतको स्पष्ट जानकारी सेवाग्राहीलाई यथासमयमा गराउनु पर्नेछ ।

६५ग. **आफ्नो सेवा र पद अनुकूलको आचरण पालना गर्नु पर्ने :** प्रत्येक कर्मचारीले आफ्नो सेवा र पद अनुकूलको आचरण समेत पालन गर्नु पर्नेछ ।

६५घ. **अन्य आचरण :** (१) कर्मचारीले आफ्नो कार्यालय तथा पद अनुसार आइपर्ने जिम्मेवारीलाई मर्यादापूर्वक बहन गरी निष्पक्ष, स्वच्छ तथा छिटो छरितो रुपमा कार्यसम्पादन गर्नु पर्नेछ ।

(२) कर्मचारीले कुनै पनि सरकारी सम्पतिको प्रयोग वा उपयोग घरायसी कार्यको लागि गर्न हुदैन ।

(३) कर्मचारीले सरकारी राजस्वबाट तलब, भत्ता पाउने गरी नियुक्ति भएको कुनै पनि सरकारी कर्मचारीलाई कार्यालयको काममा बाहेक आफ्नो घरायसी कार्यको लागि लगाउन हुदैन ।

(४) कर्मचारीले स्वास्थ्य संस्था बन्द गर्न वा गराउन हुँदैन ।

(५) कर्मचारीले कार्यालय समयमा र कार्यालय परिसरमा धुम्रपान तथा मद्यपान गर्न हुँदैन ।"

२५. **मूल ऐनको दफा ७२ मा संशोधन :** मूल ऐनको दफा ७२ को खण्ड (क) को-,

(१) उपखण्ड (६) को सट्टादेहायको उपखण्ड (६) राखिएकोछ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(६) पदको शुरु तलब स्केलमा घटुवा गर्ने ।"

(२) उपखण्ड (६) पछि देहायको उपखण्ड (६क) थपिएकोछ :-

"(६क) स्तरवृद्धि रोक्का गर्ने ।"

२६. **मूल ऐनको दफा ७३क. मा संशोधन :** मूल ऐनको दफा ७३क. मा रहेका "कर्मचारीलाई पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने" भन्ने शब्दहरुको सट्टा "कर्मचारीलाई दुईदेखि पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा दुईदेखि पाँच तलब वृद्धि रोक्का गर्ने" भन्ने शब्दहरु राखिएका छन् ।

२७. **मूल ऐनको दफा ७५ मा संशोधन :** मूल ऐनको दफा ७५ को सट्टा देहायको दफा ७५ राखिएकोछ :-

"७५. **विभागीय सजाय दिने अधिकार :** (१) दफा ७२ को खण्ड (क) बमोजिमको सजायको आदेश दिने अधिकार तोकिएको अधिकारीलाई हुनेछ ।

(२) दफा ७२ को खण्ड (ख) बमोजिम सजायको आदेश दिने अधिकार देहायको अधिकारी वा निकायलाई हुनेछः-

(क) एघारौं तह र सोभन्दा माथिको तहको पदमा कार्यरत कर्मचारीलाई- नेपाल सरकार, मन्त्रिपरिषद्

(ख) छैठौं, सातौं, आठौं, नवौं र दशौं तहको पदमा कार्यरत कर्मचारीलाई -मन्त्रालयको सचिव

(ग) चौथो र पाचौं तहको पदमा कार्यरत कर्मचारीलाई - सम्बन्धित विभागीय/कार्यालय प्रमुख"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८. **मूल ऐनमा दफा ९२क. थप :** मूल ऐनको दफा ९२ पछि देहायको दफा ९२क. थपिएकोछ :-

"**९२क. ट्रेड युनियन सम्बन्धी व्यवस्थाः** (१) कर्मचारीहरुले यस अध्यादेशको अधीनमा रही ट्रेड युनियन गठन गर्न सक्ने छन् ।

(२) उपदफा (१) बमोजिम ट्रेड युनियन गठन गर्दा देहायको विषयमा देहाय बमोजिमको व्यवस्था पालना गर्नु पर्नेछः-

(क) कार्यालय प्रमुख भई काम गर्नु पर्ने अधिकृतस्तरका कर्मचारी र चिकित्सक बाहेक आठौं तह वा सो भन्दा मुनिका कर्मचारीहरुले आफ्नो पेशागत हक हितको लागि राष्ट्रियस्तरको कर्मचारीको ट्रेड युनियन गठन गरी सदस्यता लिन सक्ने छन् ।

(ख) कर्मचारीको ट्रेड युनियनको दर्ता श्रम तथा रोजगार प्रवर्द्धन विभागमा हुनेछ ।

(३) आधिकारिक ट्रेड युनियनको गठन देहाय बमोजिम हुनेछ :-

(क) उपदफा (१) बमोजिम गठन भएको कर्मचारीको ट्रेड युनियनका सदस्यहरुले छनौट गरेका पदाधिकारीहरु रहने गरी कर्मचारीहरुले एक आधिकारिक ट्रेड युनियन गठन गर्न सक्ने छन् ।

(ख) कर्मचारीको आधिकारिक ट्रेड युनियनले जिल्लास्तर, विभागीयस्तर र राष्ट्रियस्तरमा आफ्नो पेशागत माग सम्बन्धित निकायमा प्रस्तुत गरी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएको मात्र लागु हुनेछ।

सामाजिक सम्वाद र सामुहिक सौदाबाजी गर्न पाउनेछ । कर्मचारीको आधिकारिक ट्रेड युनियन गठन नभएको अवस्थामा उपदफा (१) बमोजिम गठन भएका कर्मचारीको ट्रेड युनियन तथा संघहरु आपसमा सहमति गरी सामूहिक सौदाबाजी गर्न पाउने छन् ।

(ग) कर्मचारीको आधिकारिक ट्रेड युनियन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) ट्रेड युनियनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कर्मचारीको हक, हित संरक्षण एवं सम्बर्द्धन गरी स्वास्थ्य सेवालाई प्रभावकारी र गतिशील बनाउन नेपाल सरकारलाई रचनात्मक सुझाव र सहयोग गर्नु ट्रेड युनियनको कर्तव्य हुनेछ ।

(ख) ट्रेड युनियनले भेला, तालीम, प्रशिक्षण, गोष्ठी लगायतका रचनात्मक एवं सृजनात्मक कार्यहरु सञ्चालन गर्न सक्नेछ ।

(ग) ट्रेड युनियनलाई महासंघ गठन गर्ने, त्यसको सदस्य बन्ने, अन्तर्राष्ट्रिय संघ वा महासंघको सदस्य बन्ने र आफ्नो संस्थाहरुको तर्फबाट प्रतिनिधित्व गर्ने अधिकार हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) स्वास्थ्य सेवासँग सम्बन्धित कानूनको निर्माण गर्दा नेपाल सरकारले कर्मचारीको आधिकारिक ट्रेड युनियनको सल्लाह र सुझाव लिन सक्नेछ ।

(६) राष्ट्रियस्तरका ट्रेड युनियन र आधिकारिक ट्रेड युनियनका तोकिएका पदाधिकारीबाट आफ्नो कार्यक्षेत्र अनुकूल स्थानमा सरुवाको माग भएमा अख्तियारवालाले सो अनुकुल हुने गरी सरुवा गर्न व्यवस्था मिलाउनु पर्नेछ ।

(७) राष्ट्रियस्तरका ट्रेड युनियनका केन्द्रीय पदाधिकारी र कार्यकारी सदस्यहरुलाई युनियन सम्बन्धी स्वदेशी तथा बैदेशिक सेमिनार, गोष्ठी, अधिवेशन, संगठन सम्बन्धी कार्य लगायतका कार्यक्रममा भाग लिनको लागि निर्धारित सेवाको काममा बाधा नपर्ने तथा नेपाल सरकारलाई आर्थिक दायित्व नपर्ने गरी एक वर्षमा तीस दिनसम्मको काजको व्यवस्था गर्न सकिनेछ ।

(८) ट्रेड युनियनको दर्ता कर्मचारीको तहगत रुपमा हुने छैन ।

तर यो दफा प्रारम्भ हुनु अघि नेपाल निजामती सेवा ऐन, २०४९ अनुसार आधिकारिक रुपमा दर्ता भएका ट्रेड युनियन यसै अध्यादेश अन्तर्गत दर्ता भएको मानिनेछ ।

(९) ट्रेड युनियनको दर्ता, सो सम्बन्धी शर्त प्रक्रिया र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

आज्ञाले,

भेषराज शर्मा

नेपाल सरकारको सचिव

प्रमाणीकरण मिति : २०६९।१२।२९।३

मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. २०।–
गो.हु.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।